म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २०८ आइतबार, २२ फागुन २०७८ चतुर्थी ने. सं. ११४२ सिल्लागा 6 March, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा
राष्ट्रिय दैनिक
www.sajhakuranews.com

संसद् अवरोध हुँदा जनताको समस्या अड्कियो: *नेता पौडेल*

काठमाडौं, २१ फागुन/ नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले संसद्भित्रको गतिरोध चाँडो अन्त्य हुनुपर्ने बताएका छन् ।नेपाली कांग्रेसनिकट नेपाल निजामती कर्मचारी युनियनको आठौं राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा उनले जनताको समस्याबारे बहस र छलफल गर्ने थलो संसद्भित्रको गतिरोध चाँडो अन्त्य हुनुपर्ने बताए ।

'संसद् नचल्ने, जनताको समस्या छलफल नहुने हुन हुँदैन, संसद् चल्नु पर्छ', उनले भने । पूर्वसभामुखसमेत रहेका पौडेलले लामो समयसम्म संसद् अवरोध गर्दा जनताका धेरै समस्या अड्किएर बसेको बताए । निजामती कर्मचारी ऐन दुई वर्षदेखि संसद्मा अड्किएर बस्नु दु:खद् भएको उनको भनाइ थियो । वरिष्ठ नेता पौडेलले संघीय तहका कर्मचारी प्रदेश वा स्थानीय तहमा र प्रदेश वा स्थानीय तहका कर्मचारी संघीय आवश्यक परेमा सरुवा आउन जान पाउने गरी ऐन आउनुपर्ने उल्लेख गरे ।

बाख्रा फार्म खुलेको ७८ वर्षपछि पानी

साझाकुरा संवाददाता

फार्ममा बोरिङबाट पानी तानेर परीक्षण गर्दै मन्त्री हुमागाईं ।

हेटौंडा, २१ फागुन/ मकवानपुरको चित्लाङस्थित बाख्रा विकास फार्मले स्थापनाको ७८ वर्षपछि बल्ल पानी पाएको छ । बाख्रा, भेडा र खरायो पालन गर्दै आइरहेको सरकारी फार्ममा ७८ वर्षपछि पानी उपलब्ध भएको हो ।

नेपालकै पहिलो यो बाख्रा फार्म वि.सं. २००१ सालमा स्थापना गरिएको हो । तीनसय पाँच रोपनी क्षेत्रफलमा फैलिएको फार्मको एक सय ८ रोपनी चरिचरण क्षेत्र छ । चरिचरण क्षेत्रमा पानीको अभावले हिउँदमा खडेरी लाग्ने गरेको छ । खडेरी हटाउन फार्मलाई पानीको ठूलो आवश्यकता थियो । तर, फार्मको प्रबन्धक भएर आएका कयौंले सरकारसँग पानीको व्यवस्था गरिदिन पहल गर्दै आएपनि कुनै सरकारले यतिका वर्षसम्म पानीको व्यवस्था गरेको थिएन ।

'पानी नहुँदा हिउँदका ५ महिना बाख्रा, भेडाहरुले चरिचरण क्षेत्रमा पोषिलो हरिया घाँस खान पाएका थिएनन् । मकै, जई घाँस रोपेपनि पानी नहुँदा उम्रिने सम्भावनै रहेन । बाख्रा, भेडाहरुलाई त पोषिलो कुरा खुवाउनु पर्ने हुन्छ । खानेपानी पनि खोल्साबाट तानेर ल्याउँथ्यौं । सिचाईं गर्न सकिएको थिएन्', फार्मका प्रबन्धक डा. बब्लु ठाकुरले भने । उनका अनुसार फार्म ७८ वर्षसम्म पानीबिनै खडेरी भएको चरिचरण क्षेत्रका रुपमा चलेको थियो ।

समुन्द्री सतहबाट साढे १७ सय मिटर उचाईमा रहेको फार्मले अहिले एकसय ३८ मिटर गहिरो 'बोरिङ' गरेर पानी निकाल्न सफल भएको प्रबन्धक ठाकुरले बताए । शुक्रबार त्यसको परीक्षण भयो ।

पानी निकाल्न फार्मका कर्मचारीले धेरै दु:ख झेल्नु परेको उनले सुनाए । प्रदेशको तत्कालीन भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय (हाल कृषि तथा पशुपन्छी)द्वारा आव २०७७/०७८ मा बिनियोजित २० लाख बजेटबाट फार्मले एकसय ३८ मिटर खाडल खनेको हो । '२० लाख रुपियाँ खर्चेर डाँडामा खाडल खनेपनि पानी भने निस्किएन । पानी तान्ने मोटर चलाउन थ्री फेज विद्युत् नहुँदा पानी ननिस्किएको हो', ठाकुरले भने ।

नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रसँग थ्री फेज विद्युत बिस्तारको माग गर्दै फार्मले दर्जनौंपटक अनुरोध गरेको ठाकुरले स्मरण गरे । एक वर्षदेखि अनुरोध गरेपनि छिमेकी सरकारी कार्यालय प्राधिकरणले कानमा तेल हालेर बसेकोमा उनले दु:खेसो गरे ।

पानी निकाल्न नसकिने भो भनेर आशा मारिसकेको अवस्थामा केही समयअघि प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णप्रसाद शर्मा खनाल र मन्त्रालयका सचिव रुद्रसिं तामाङ फार्ममा पुगेका थिए । ठाकुरले पानी निकाल्न नसकिरहेको अवस्थाबारे जानकारी गराएपछि सचिव तामाङले दुई महिनाअघि नेपाल विद्युत प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई जानकारी गराएको बताए ।

सचिव तामाङले फार्ममा अब थ्री फेज विद्युत जोडिन्छ भनेर हिँडेको हप्ता दिनभित्र वितरण केन्द्रले थ्री फेज लाइन जोडेको र मोटर चलेपछि फार्ममा पानी आएको ठाकुरले जानकारी दिए ।

पानी निस्किए पनि चरिचरण क्षेत्रसम्म पानी पुऱ्याउन पाइप बिस्तारको समस्या रहेकोमा चालु आव २०७८/०७९ मा मन्त्रालयले दिएको पाँच लाखमध्ये एक लाख रुपियाँ विद्युत बिस्तारमा खर्च भएको र चार लाख रुपियाँ मात्रै बाँकी रहेको उनले बताए ।

उनका अनुसार मकै र जई घाँस लगाइएको स्थानसम्म पानी पुऱ्याउन ३० लाख रुपियाँ आवश्यक रहेको प्राविधिक लागत इस्टिमेट देखिएको छ । पाइप विस्तार गर्न आवश्यक बजेटको व्यवस्था गर्ने कृषि तथा पशुपन्छी विकास मन्त्री बसुन्धरा हुमागाईंले प्रतिबद्धता व्यक्त गरेका छन् ।

२०५६ साल साउन १६ गतेबाट बाख्रा विकास फार्मको नामले सञ्चालित फार्मलाई सरकारले २०५८ सालमा भेडाहरुलाई विस्थापित गरेर बाख्रा अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने लक्ष्य लिएको थियो । त्यसयता फार्मले बाख्रासँगै भेडा र खरायो पनि पालन गर्दै आइरहेको छ । फार्ममा देशभर बाट भेटेरिनरी विद्यार्थी अध्ययन, अनुसन्धानका लागि आउने गरेका छन् । एउटा अनुसन्धान केन्द्रका रुपमा विकासहुँदै आएको फार्ममा हाल विभिन्न जातका दुईसय ९८ वटा बाख्रा, बरुवाल जातको ५६ वटा भेडा, ६३ वटा खरायो छन् । चित्लाङ बाख्रा फार्म, पर्यटकीय स्थलका रुपमा देशभर चर्चित छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
☞कार वास भित्र/बाहिर
☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम

shutterstock.com · 780195388

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३००

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
आजदेखि सुन्दर नगरी हेटौंडामा बिक्री

शुभारम्भ

YADEA
e-SCOOTERS



GRAND OPENING

Offer
रू.10,000/-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
☞Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞Full Charge ले १०० किमी कुद्ने ।
☞२००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ट्यूबलेस टायर
☞ब्याट्रिमा एक वर्ष वारेन्टी

सादर निमन्त्रणा
निम्न मिति, समय र स्थानमा शुभारम्भ कार्यक्रम भएको हुँदा यहाँको उपस्थितिको लागि सादर निमन्त्रणा गर्दछौं ।
मिति : २०७८/११/२२ (आइतबार)
समय : विहान ८:०५ बजेदेखि
स्थान : हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

घडेरी बिक्रीमा

जिल्ला : मकवानपुर
हेटौडा उपमहा नगरपालिका
वडा नं. १



सम्पर्क नं.: ९८४५१०३६६३
९८११८९५४६२, ९८५५०७३६६९ हेटौडा-५

साझाकुरा

हाम्रो कुरा

मल उत्पादन चाँडो गर

मुख्य आम्दानीको स्रोत कृषि रहेको नेपालमा कृषिको लागि अति आवश्यक रासायनिक मलको भने सधैं अभाव हुने गरेको तथ्या छिपेको छैन । जतिखेर बालीनालीमा मल हाल्ने बेला हुन्छ, त्यतिखेर मलको हाहाकार मच्चिने गरेको छ । अनुदानमा भारतबाट आयात हुने गरेको मल वितरणको व्यवस्था मिलाउन पनि सरकारलाई हम्मेहम्मे पर्दै आएको छ । कयौं वर्षौदेखि भोग्दै आएको यो समस्यालाई दीर्घकालीनरुपमा समाधान गर्न बागमती प्रदेश सरकारले आफ्नै स्वामित्वमा मल कारखाना खोल्ने तयारी गरेको छ । यो स्वागतयोग्य विषय हो ।

बागमती प्रदेशले मल कारखाना खोल्ने घोषणा गरेसंगै काठमाडौं विश्वविद्यालयले यससम्बन्धमा विशेष चासो दिएको छ । विश्वविद्यालयको प्राविधिक टोलीले प्रदेशको कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयसंग यस विषयमा छलफल गरेको समाचार बाहिरिएको छ । विश्वविद्यालयको प्राविधिक टोलीले मल उत्पादन गर्ने विभिन्न प्रविधिमध्ये हाइड्रोजन प्रविधिबाट मल उत्पादन गर्न उपयुक्त हुने सुझाव पनि दिएको छ । नेपालमा पानी र विद्युत्को पर्याप्त उपलब्धता रहेका कारण हाइड्रोजन प्रविधिबाट रासायनिक मल उत्पादन सहज हुने प्राविधिकको सल्लाह रहेकोमा त्यसलाई मन्त्रालयले आवश्यक प्रक्रियामा लैजान अब ढिला गर्नु हुन्न । विश्वका अन्य मुलुकहरुले मल उत्पादन पेट्रोल र डिजल प्रयोगलाई विस्थापन गरेर हाइड्रोजनबाट मल उत्पादन गरिरहेको अवस्थामा नेपालमा पनि कम खर्चमा हाइड्रोजन प्रविधिबाट मल उत्पादन गर्न सकिने प्राविधिकको सल्लाह उचित मान्न सकिन्छ ।

मल उत्पादन प्रदेश सरकारले प्राथमिकताको विषय बनाइरहँदा यसमा केन्द्र सरकारसंग समन्वय गर्दै नेपाल विद्युत् प्राधिकरणको सहुलियत दरमा विद्युत् उपलब्धतासमेत सुनिश्चित हुने गरी मल उत्पादनमा अब ढिला गर्नु हुँदैन । मल महंगो भएको र समयमा उपलब्ध नहुने हुँदा कतिपय किसानहरुले सम्भावना भएको ठाउँमा पनि खेतीपातीबाट विस्थापन हुने वातावरण रहेकोमा अब सरकारले उत्पादकत्व बढाउन यो विषयलाई विशेष ध्यान दिनु आवश्यक छ । यसमा सरकारले निजी, सहकारी र सार्वजनिक क्षेत्रलाई समेत समेटेर अगाडि बढाउने योजना बनाएको कारण अझ सहज हुने हुँदा अब कारखाना खोलेर मल उत्पादनमा ढिलाई गर्नु हुन्न ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७८ फागुन २३ गते सोमबार ७ मार्च २०२२ । फागुन शुक्ल पञ्चमी । चिल्लाथ्व पञ्चमी ११४२ । सूर्योदय ६:२२ र सूर्यास्त ४:०७ मा हुनेछ ।

आजको राशिफल

मेष	: अध्ययनमा बाधा	**तुला**	: प्रेममा सफलता
वृष	: धन प्राप्ति	**वृश्चिक**	: शत्रुबाट मुक्त
मिथुन	: सुख प्राप्ति	**धनु**	: धन नष्ट
कर्कट	: आफन्तजन भेट	**मकर**	: यात्राको योग
सिंह	: भित्रजन भेट	**कुम्भ**	: आलश्यता
कन्या	: मिष्ठान्न भोजन	**मीन**	: शुभ कार्यको थालनी

सैद्धान्तिक श्रमका गौरवमय चार वर्ष

जीवन बुढा

राष्ट्रियसभा सदस्यको रुपमा म पहिलोपटक संघीय संसदमा प्रवेश गरेँ र चार वर्षको अवधि सांसदको भूमिकामा रहेर काम गर्ने अवसर पाएँ । मैले यो अवधिलाई महत्वपूर्ण र जीवनकै गौरवमय चार वर्षको रुपमा लिएको छु । यो अवधिमा मैले कानुन निर्माण प्रक्रिया, त्यसका चरण, कानुनी आधार, मापदण्ड र सर्त एवं विधिका बारेमा कानुनका विज्ञदेखि जनतासम्म धेरैसँग छलफल, अन्तरक्रिया गर्ने अवसर पाएँ । यसले कानुनलाई बुझ्ने, कार्यान्वयन गर्ने र निर्माण गर्ने, तीनवटै पक्ष राम्रोसँग सिक्ने अवसर पाएँ । यसले मलाई नेपालको कानुनी व्यवस्था र प्रक्रियाबारे पनि बुझ्ने मौका मिल्यो ।

मैले यो अवधिलाई मेरो जीवनका सैद्धान्तिक श्रमका चार वर्ष, पढाइ र सिकाइका चार वर्ष, उत्साह एवं गौरवका चार वर्षको रुपमा परिभाषित गरेको छु । मैले यो अवधिमा विकास निर्माण वा जनसेवाका रुपमा भन्दा मुलुकको जीवनमा चाहिने कानुन निर्माणको रुपमा योगदान दिने समय प्राप्त गरेँ । कानुनी क्षेत्रमा केही ज्ञान हासिल गर्ने मौका पाएँ । मेरो जीवनको सिकाइको ठूलो सम्पत्ति हो यो ।

पहिलो दुई वर्ष राष्ट्रियसभाको राष्ट्रिय सरोकार तथा सुशासन समितिमा बसेर काम गरेँ । त्यहाँ राष्ट्रिय गौरवका आयोजनाहरु, संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध, सन्धि-सम्झौतालगायत राष्ट्रिय सरोकारका विषयहरु समितिको कार्यक्षेत्र थियो । त्यहाँ रहँदा हामीले गहनतम छलफल, बहस अन्तरक्रियामार्फत् सरकारलाई निर्देशन दिने, समन्वय गर्ने, स्थलगत अध्ययन भ्रमण गरेर सभामा प्रतिवेदन पेस गर्ने एवं सरोकारवाला निकायलाई ध्यानाकर्षण गराउने काम गरियो ।

पछिल्लो दुई वर्षमा मलाई विधायन व्यवस्थापन समितिमा बसेर काम गर्ने अवसर प्राप्त भयो । राष्ट्रियसभाको प्रकृतिका हिसाबले सम्पूर्ण विधेयकहरु विधायन व्यवस्थापन समितिमा आउने भएकाले विधायन व्यवस्थापन समितिमा सबैखाले विधेयकहरुको विषयमा छलफल गर्ने, भाग लिने, मत राख्ने, अरुका कुरा सुन्ने र विधेयकलाई समृद्ध, सहज र व्यवस्थित गर्ने अवसर प्राप्त भयो । राष्ट्रियसभाको अघिल्लो दुई वर्ष दलगत स्वार्थमा अल्झिएन । पछिल्ला दुई वर्ष भने कोभिड-१९ को महामारी र प्रतिनिधिसभा विघटनको घटनाले राष्ट्रियसभामा सौहार्दपूर्ण वातावरणमा काम गर्ने अवसर मिलेन ।

राजनीतिक अन्तरकलहले राष्ट्रियसभा पनि प्रभावित बन्न पुग्यो । म संसद बैठकमा कहिले पनि आवेग र उत्तेजनाका भरमा प्रस्तुत भएको छैन । सदनमा मैले अपाङ्गता भएका नागरिक, कर्मचारी, द्वन्द्व पीडितका सवाल, सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता छानबिन आयोगले गर्ने कामको तौरतरिका र सीमाका बारेमा आवाज उठाएको छु । त्यस्तै, शान्ति प्रक्रियाका बाँकी कामहरु पूरा गर्ने, बेपत्ता नागरिकको खोजबिन, राजनीतिक आन्दोलनका क्रममा अंगभंग र घाइते भएकाहरुको जीवन सहज बनाउन राज्यले दायित्व लिनुपर्ने सवालहरु सशक्त रुपमा उठाएको छु । त्यस्तै सडकमा सवारी व्यवस्थापनको मुद्धा, मानव विकास सूचकांकको हिसाबले पछाडि परेको कर्णाली क्षेत्र र मधेस प्रदेशलाई विशेष आर्थिक योजनासहित विकासको मूलधारमा ल्याउनुपर्ने सवाल, शक्तिको आधारमा बजेट विनियोजन गर्ने होइन, आवश्यकताको आधारमा हुनुपर्दछ र नेपालमा समावेशी विकासको मोडलमा जानुपर्दछ भनेर संसदमा जोडदार रुपमा आवाज उठाएको थिएँ ।

त्यस्तै बाढी पीडितहरुको सम्बन्धमा बस्ती पुन:स्थापना, पुनर्बास र पुनर्निर्माणको विषयमा पनि सदनमा विषय उठान गरियो । त्यसको प्रतिफलस्वरुप सिन्धुपाल्चोक, धादिङ, बाग्लुङ, अछाम, कालीकोटलगायतका जिल्लाहरुमा भूकम्पको कार्यविधि प्रयोग भई बस्ती पुनर्निर्माणका कामहरु भइरहेका छन् । मलाई संसद बैठकमा आफूले जोडदार रुपमा उठाएको र स्मरणीय लागेको विषय क्षण संविधान संशोधनको बेलाको परिघटना हो । भारतले अतिक्रमित गरेको नेपालको लिम्पियाधुरा, लिपुलेक कालापानीको भूभाग नेपालको प्रशासनिक तथा राजनीतिक नक्सामा समेटियो र त्यसलाई नेपालको संविधान संशोधन गरी निशान छापमा चुच्चे नक्सा राखियो ।

संविधान संशोधन हुनुभन्दा ठीक ६ महिना अगाडि मैले राष्ट्रियताको सवालमा नेपालको भूमि अतिक्रमण भएको विषयलाई लिएर तथ्यांकसहित सदनमा बोलेको थिएँ । नेपालको अतिक्रमित ७०३७२ हेक्टर जमिन फिर्ता किन नल्याउने ? त्यो कहिले फिर्ता आउँछ ? हाम्रो सरकार, राजनीतिक दल र सदनले यी विषयमा कहिले उठाउँछन् ? र १९१६ को सुगौली सन्धिको धारा ५ ले गरेको व्यवस्थाबमोजिम लिपुलेक लिम्पियाधुरा र कालापानी क्षेत्र नेपालको हो भनेर किन बोल्दैन ? १९६२ को चीन भारत युद्धको बेला उत्तरी भूभागमा राखिएका सैन्य क्याम्पमध्ये कालापानीमा राखिएको क्याम्प भारतले कहिले हटाउँछ र हाम्रो भूमि कहिले फिर्ता हुन्छ ? हामीलाई कागज होइन, भूमि चाहिएको हो भनेर मैले विस्तृत रुपमा नै राष्ट्रियसभामा बोलेको थिएँ । संघीय संसदको संयुक्त सदनबाट संविधान संशोधन गरेको त्यो दिन मेरो जीवनको एउटा गौरवमय क्षणको रुपमा रहेको छ ।

राष्ट्रियसभामा चार वर्ष सदस्यको भूमिकामा काम गर्दा मलाई केही विशिष्ट अनुभूतिहरु भएका छन् । संसदलाई साँच्चिकै जिवन्त बनाउने हो भने केही व्यवस्थापकीय परिवर्तन जरुरी छ । पहिलो कुरा, संघीय संसदसँग आफ्नै कार्यसञ्चालनको क्यालेन्डर (कार्यतालिका) छैन । यसले वार्षिक कार्यतालिका बनाएर कामको निर्धारण गरेर अघि बढ्नुपर्दछ । त्यसलाई म संवैधानिक सुधार उल्लेख गर्न रुचाउँछु ।

संसद अधिवेशनको सुरु र अन्त्य हुने दिन सरकारलाई चाहिएको बेला होइन, जेठ १५ गते बजेट प्रस्तुत गर्नुपर्ने बाध्यकारी व्यवस्थाजस्तै सदनको अधिवेशन सुरु हुने र अन्त्य हुने दिन पनि संविधानमै लेखेर बाध्यकारी बनाइनुपर्दछ । र, सदनको अधिवेशन बोलाउने एवं अन्त्य गर्ने अधिकारलाई संसदलाई नै दिनुपर्दछ, सरकारलाई होइन । दोस्रो, सदनको आफ्नै कार्यतालिका भएको भए यो वर्ष कति वटा ऐन निर्माण गरिनेछन्, कति संशोधन र कति एकीकरण गरिनेछन्, ऐनको उत्तरविधायिकी परीक्षण गरिनेछ, ती प्रस्ट हुन्थे । हामीले कस्तो राष्ट्रिय सरोकारका विषयहरु उठान गर्नेछौं, त्यो पनि प्रस्ट हुन्थ्यो ।

कानुन निर्माण गर्ने प्रक्रियामा आउने स्थानीय तह, प्रदेश संघीय संसदका जनप्रतिनिधिहरु सबै कानुनी क्षेत्रका योग्य तथा विज्ञहरु आउँदैनन् । त्यसैले नेपाललाई विधायकी प्रशिक्षण प्रतिष्ठानको आवश्यकता छ । नेपालमा विधायकी प्रशिक्षण प्रतिष्ठान स्थापना भएर न्यूनतम ५ वर्ष निर्वाचित हुने सांसद वा जनप्रतिनिधिले ४५ दिनको एउटा कोर्ष पढेर आफ्नो कर्तव्य र दायित्वबोध गरेर काममा लागे भने छुट्टै स्प्रीड कायम हुन सक्छ । संघ, प्रदेश र स्थानीय तहले कानुन निर्माण गर्ने अधिकार प्राप्त गरेको हुँदा कानुन निर्माणमा एकरुपता हुन सक्छ । आज कसले कस्तो कानुन बनाएका छन् भन्ने यकीन नै छैन ।

तेस्रो, कानुन निर्माणमा कानुन मन्त्रालय र संघीय संसदले संशोधन गर्दा, नयाँ ऐन बनाउँदा वा एकीकरण गर्दा कुन फ्रेममा बसेर गर्ने भनेर आधार, सिद्धान्त र केही सर्तहरुको फ्रेम तयार गर्नुपर्छ । त्यहीं फ्रेममा बसेर नै ऐन निर्माणमा लागियो भने आज आउने गञ्जागोल विधेयकहरु प्रस्ट भएर आउँछन् र छिटो छरितो हुन्छ ।

चौथो, नेपालमा कानुन निर्माणको लागि बजेट पर्याप्त छैन । कानुन निर्माण निकै महत्वपूर्ण काम हो । कानुनको उत्तरविधायिकी परीक्षण, कानुनको अडिट गर्नुपर्दछ । कानुन निर्माण गरेर लागू गरिसकेपछि सामाजिक, आर्थिक तथा अन्य अवसरको हिसाबले जनताको जीवनमा सकारात्मक र नकारात्मक प्रभावको अध्ययन गरी त्यसको सुधार वा संशोधन गर्नुपर्थ्यो, त्यो अहिलेसम्म हुन सकेको छैन । हाम्रा धेरै कानुनहरु नियन्त्रणमुखी बनेका छन् । कार्यसम्पादनलाई व्यवस्थित गर्ने र जनसेवालाई छिटो र छरितो बनाउने खालका छैनन् । शासकलाई सजिलो बनाउने गरी नियन्त्रणलाई प्राथमिकता दिएर बनाइएको छ । यस्ता कानुनले जनताले सहज सेवा पाएका छैनन्, बरु शासकलाई सजिलो भएको छ । मूल कुरा, मैले देखेको भोगेको- हामी पैसाको अडिट गर्छौं तर कानुनको अडिट त्योभन्दा महत्वपूर्ण छ । हाम्रो जीवन कतातिर जान्छ? हामीले के सकारात्मक र नकारात्मक प्रभाव भोग्छौं भन्ने कुराको कानुनले निर्धारण गर्छ । यो कानुनमा सुधार नगरी हुँदैन ।

पाँचौं, कानुन बनाउँदै गर्दा प्रत्यायोजनको व्यवस्था कानुनमा धेरै छ । प्रत्यायोजनको व्यवस्था धेरै भएकोले नै सरकारले नियमावली, निर्देशिका, मापदण्ड, दिग्दर्शन, कार्यविधि ल्याउने र त्यहींमार्फत् काम गर्ने प्रचलन रहेको छ । एउटै मन्त्रालयमा ऐनबाहेकका कानुनहरु सयौं हुने गरेका छन् ।

जनताका कुरा छोड्नुस्, मन्त्रालयकै अधिकारीहरुलाई समेत सबै कानुन थाहा हुँदैन । जसरी अनियन्त्रित तरिकाले कानुनहरु बन्ने गरेका छन्, यस्तो कानुनको जंगलमा हामी हराइरहेका छौं । सरदर हेर्दा एउटा ऐनमा २४-२५ दफाहरु हुन्छन्, त्यसमा १४-१५ दफा त कामै लाग्दैनन् । कुनै दिन कसैलाई अल्झाउनलाई मात्रै ती काम लाग्न सक्छन् । यसका लागि कानुनी सुधार गर्न धेरै बाँकी छ ।

छैटौं, संघीय संसदको प्रतिनिधिसभा नरहेको बेला सरकार गठन र विघटन गर्ने अधिकारबाहेक प्रतिनिधिसभाले गर्ने अरु सबै कामको अधिकार राष्ट्रियसभालाई हुनुपर्दछ । कानुन निर्माणपछि जनता र मुलुकलाई पारेको प्रभावको मापनको विषयमा राष्ट्रियसभाले सशक्त रुपमा स्टेप चाल्नुपर्दछ ।

अन्त्यमा, चार वर्षको अवधिमा राष्ट्रियसभाका पदाधिकारीज्यूहरु, सभापति, दलका नेताहरु सबैले राम्रो समन्वय गरेर काम गर्नुभयो । अनावश्यक र सानातिना कुरामा राष्ट्रियसभालाई विवादको थलो बनाउनु भएन । यसले गर्दा राष्ट्रियसभाका चार वर्ष सौहार्दपूर्ण रुपमा पूरा भएका छन् । -साभार: देशसञ्चार

किन चाहिन्छ फिल्म समीक्षा ?

युवराज भट्टराई

फिल्म हेर्न रुचाउने र यसबारे जानकारी राख्न चाहनेका लागि 'सिनेमा के हो ?' भन्ने प्रश्नभन्दा महत्वपूर्ण हुन्छ, 'सिनेमा के होइन ?' सुरुवाती प्रश्नको जवाफ वृहत हुन्छ । अन्तिम प्रश्नको जवाफ सहज छ- 'सिनेमा केवल समय कटाउने मनोरञ्जनको साधन होइन । सिनेमा केवल व्यापार गर्ने माध्यम होइन । सिनेमा कलाको उच्चतम् माध्यम हो ।' सिनेमा अभिव्यक्तिको लोकतान्त्रिक माध्यम हो । सर्जकले राजनीतिदेखि आर्थिक विषयवस्तु सम्पूर्णलाई एउटै सिनेमामा विभिन्न पटकथाको रूपमा प्रस्तुत गर्न सक्छन् । दुई वा अढाई घण्टाको फिल्मको मूल मर्ममा यी कथाहरूको समान महत्त्व हुन्छ ।

तर, यावत् विशेषताबीच नेपाली सिनेमा क्षेत्रमा एउटा समस्या छ । अधिकांश नेपाली चलचित्रकर्मीहरू कसैले कमजोरी औंल्याइदिएको मन पराउँदैनन् । अर्थात्, फिल्मको समीक्षा बुझ्ने सवालमा समस्या छ । उनीहरू फिल्म समीक्षा भनेपछि 'पानीबाहिरको माछो' भइदिन्छन् । फिल्मकर्मीहरूले आफ्नो चाहना र पक्षअनुरूप समीक्षा नआए गर्ने तर्क एउटै हुन्छ, 'दुई तीन वर्ष लगाएर र लाखौं खर्च गरेर बनाएको हाम्रो सिनेमा नराम्रो भन्ने ? मानवता छैन ? तपाईंको को हो यसलाई नराम्रो भन्ने ?'

उनीहरूको यो प्रश्नमा यति मात्र जवाफ हुन्छ, 'सिर्जना बाहिर आएपछि त्यो सार्वजनिक विषय बन्छ र त्यसका राम्रो तथा नराम्रो पक्ष केलाउन जोकोही स्वतन्त्र हुन्छ ।' फिल्म निर्देशक सचिन घिमिरेको शब्दमा सिनेमा भनेको सार्वजनिक उत्पादनको एक हिस्सा हो । प्रेमपत्रजस्तो आफूसँगै राखिने वस्तु नभएकाले यसको समीक्षा हुनुपर्छ । समीक्षा हुँदा पक्ष वा विपक्षमा धारणाहरू आउँछन् । तर, यी धारणा फगत व्यक्तिगत विचार हुनु हुँदैन । तर, समीक्षामा नकारात्मक पाटो आउँदा व्यापारमा असर पुग्ने त्रासमा देखिन्छन् धेरै फिल्मकर्मी । स्वाभाविक हो कि, दर्शकले आफूले हेर्न चाहेको फिल्म कस्तो छ भन्ने जान्न चाहन्छन् । यसको माध्यम समीक्षा नै हो । कुनै फिल्म हेर्न मन हुनु वा नहुनुको निर्धारण गर्न समीक्षाले महत्त्वपूर्ण भूमिका खेल्छ । तर, फिल्म हलसम्म दर्शकलाई तान्ने वा विमुख गराउने यो नै निर्णायक माध्यम होइन । 'एउटा समीक्षाले महान् कलालाई प्रेरित गर्न सक्छ', अरस्तुको यो भनाइ यहाँ उधृत गर्न आवश्यक छ ।

फिल्म समीक्षा समीक्षकको व्यक्तिगत विचारको उपज मात्रै होइन । प्राय: समीक्षकलाई सिनेकर्मीहरूले आफ्नो सिनेमामाथि व्यक्तिगत रूपमा विचार प्रस्तुत गरेको र घृणात्मक टिप्पणी गरेको आरोप लगाउँछन् । तर, समीक्षाको यथार्थ यस्तो होइन । सिनेमाको इतिहासमा फर्किंदा स्पष्ट रुपमा फिल्म समीक्षाको आवश्यकता देखिन्छ । विश्वव्यापी रूपमा सिनेमा अहिलेको स्थानसम्म आइपुग्न सर्जकको जति हात छ, त्यति नै योगदान समीक्षकको पनि पक्कै छ ।

१९ औं शताब्दीको सुरुवातमा जब फिल्म क्षेत्र विकासोन्मुख थियो, समीक्षाहरू पनि त्यही स्तरका थिए र यो क्षेत्र विकासका लागि घच्घचाइरहेका थिए । सन् १९०८ मा पहिलो पटक फिल्म समीक्षा गरिएको थियो । सन् १९११ मा फ्रान्सेली फिल्म सिद्धान्तकार रक्किओट्टो कनुडोले फिल्मलाई 'छैटौं कलाको माध्यम' भनेका थिए । जति बेला सिनेमा चित्रकला, मूर्तिकलालगायत कलाका माध्यम व्यापक भइसकेका थिएनन्, त्यति बेला कनुडोले सिनेमालाई आममानिसमा लैजान समीक्षाको बाटो रोजेका थिए ।

सन्१९२० सम्म आइपुग्दा समीक्षकहरूले सिनेमालाई मनोरञ्जनभन्दा माथि उठेर समीक्षा गर्न थालेका थिए । यही समयमा फिल्म समीक्षकहरूलाई पनि पत्रपत्रिकाहरूले 'पत्रकार'कै दर्जा दिएका थिए । समयक्रममा फिल्म समीक्षा विकास हुँदै निबन्धको रूपमा आउन थाल्यो । सिनेमाको शैलीदेखि ध्वनी व्यवस्थापन, रङ संयोजन, सम्पादनलगायतका प्राविधिक पक्षहरूलाई विश्लेषण गर्दै जेम्स एगी, एन्ड्रउ सेरीसजस्ता समीक्षकले समीक्षा लेखे । आधुनिक समयमा रोजर इब्रट र पिटर ट्राभेर्सको नाम अग्रपंतिमै आउँछ ।

इब्रटलाई फिल्म समीक्षाकै लागि सन् १९७५ मा पत्रकारिताको प्रतिष्ठित 'पुलित्जर पुरस्कार' प्रदान गरिएको थियो । सेकेण्डको सीमितताबाट अघि बढ्दै सिनेमा मिनेट र कैयौं घण्टासम्म आइपुग्दा समीक्षकहरूले पनि यसको विकासमा योगदान दिएको तथ्य खुला नै छ । त्यसै कारण कथावस्तुदेखि संगीत, पार्श्वध्वनीजस्ता आयामहरूको विकास हुँदै गयो । यीसँगै 'फ्रेन्च न्यु वेब' हामीले अहिले हेर्ने सिनेमाको कथावस्तु, प्रस्तुतिको शैली, सुमधुर सम्पादनजस्ता कुराहरूको कारण हो । सिनेमाको यो 'क्रान्ति' सुरु गर्ने पनि समीक्षकहरू नै थिए । फ्रेन्सिस ट्रफ्फौट, आन्द्रे बेजिन, जिन लुक गोडार्ड, जेक्वेस रिभिट्टे, एरिक रोह्मेरजस्ता समीक्षकले सिनेमामा फरकपन ल्याएका थिए । सिनेमामा नयाँ विषयवस्तुको प्रवेशसँगै समीक्षा पनि अर्को चरणमा प्रवेश गरेको हो । अब समीक्षकहरूले छाँयामा परेका फिल्महरूलाई सतहमा ल्याउन भूमिका खेले । फिल्म निर्देशक अल्फ्रेड हिचकच चर्चामा आउनुको कारक समीक्षक नै हुन् । हिचकचका सिनेमाहरू चर्चित थिएनन् । यद्यपि, उनले 'सस्पेन्स' विधालाई अपनाएर निर्माण गरेका सिनेमा फरक थिए । समीक्षक जिन लुक गोडार्डलगायतले हिचकचले अपनाएको शैलीको विश्लेषण गर्न थाले । 'फ्रेम बाइ फ्रेम' अध्ययनपछि यिनै समीक्षकले उनका सिनेमालाई दर्शकमाझ चर्चित बनाउन सघाए ।

यही प्रसंगको अर्का उदाहरण हुन् अमेरिकी फिल्म समीक्षक रोजर इबर्ट र पौलिन कैल । उनीहरूले सन् १९६० र १९७० को दशकमा स्वतन्त्र अमेरिकी निर्देशकहरूका सिनेमाको विश्लेषणात्मक समीक्षा गरेका थिए । उनीहरूकै समीक्षाले फिल्मका दर्शकलाई नौलो कथा भन्ने निर्देशकहरूसँग परिचित गराए । यस्ता निर्देशकमध्ये एक हुन्, अहिलेका प्रसिद्ध निर्देशक मार्टिक स्करसेजी । पछिल्लो समय इबर्टले अमेरिकी फिल्म निर्देशक एभा डुभर्नेको सिर्जनालाई दर्शकमाझ लैजान लेखिएका समीक्षालाई लिएर २७ पटकसम्म ट्विट गरेका थिए ।

समीक्षाको महत्त्व फिल्मलाई नयाँ आयाममा पुग्न मद्दत गर्ने मात्र नभई नयाँ कथा भन्ने र नयाँ शैली भित्र्याउने निर्देशक तथा फिल्मकर्मीलाई प्रोत्साहन गर्ने नै हुन्छ । यो सन्दर्भ नेपालमा बढी महत्वपूर्ण छ । नेपालमा सिनेमामा भनिने कथाहरू एउटै विषयका छन् । पछिल्लो दशकमा बनिरहेका सिनेमा पनि केही छाडेर अधिकांश उही भेलमा पसेका छन् ।

यो क्षेत्रमा निश्चित फिल्मकर्मीहरूको वर्चश्व छ । परिवारभित्रकै कलाकार, निर्माण कम्पनी, निर्देशकलगायतले एउटै किसिमको सिर्जना गरिरहेका छन् । हास्यव्यंग्यमा दीपकराज गिरी र दीपाश्री निरौलाको समूह, प्रेममा झरना थापा, सुनिल थापा र सुहाना थापा तथा भुवन केसी र अनमोल केसीको परिवार छन् । त्यसैगरी विकासराज आचार्यलगायतका सीमित निर्देशकहरू छन्, जसले आफ्नै लगानीमा वर्षेनी फिल्म सिर्जना गरिरहेका छन् । उनीहरूको सिर्जनामा नयाँपनको अभाव छ । हरेक सिनेमामा उनीहरू एउटै खालको कथालाई लिएर हिंडेका छन् । सीमित कथा र कथा भन्नेहरूको बर्चश्वकाबीच फरक कथा भन्नेहरू छाँयामा छन् । रंग पत्रकारिता गर्नेहरूकै माझमा पनि धेरै सिनेकर्मीहरू अपरिचित बनेका छन् । फरक धारमा बनेका सिनेमालाई स्थापित गर्न नसक्दा नै यो परिस्थिति आएको हो ।

समीक्षकको पनि 'समीक्षा' जरुरी छ

फिल्म समीक्षा आवश्यक छ । योसँगै समीक्षा लेख्ने समिक्षकहरूको पनि 'समीक्षा' हुन आवश्यक छ । फिल्म समीक्षाका दुई पाटा छन् । पहिलो, फिल्म समीक्षकको आँखाबाट हेरिनु । दोस्रो, सामान्य दर्शकको आँखाबाट । निश्चित विषयमा लेख्नका लागि विज्ञता हुनु आवश्यक हुन्छ । तर, विज्ञता देखाउने ठाउँ कुन हो भन्ने पनि उत्तिकै महत्पूर्ण पक्ष हो । नेपालमा जे जति फिल्म बनेका छन्, तीमध्ये एकाधमा समीक्षकले सामान्य दर्शकको आँखा र बुझाइबाट नभई आफ्नै नजरबाट हेरेर समीक्षा गर्न सक्छन् । तर, समीक्षकको आफ्नो विचार निर्माणको पक्षमा नेपाली समीक्षक कति क्रियशील छन् त ? फिल्ममाथि प्रश्न गर्ने सम्पूर्ण समीक्षकहरूले आफूलाई पनि यो प्रश्न सोध्न आवश्यक छ ।

अधिकांश नेपाली सिनेमा व्यापारलाई केन्द्रमा राखेर निर्माण गरिन्छन् । दर्शकलाई कुन कथा हेराउन चाहनेभन्दा पनि दर्शकले हेर्न चाहेका सिनेमा बनाउने फिल्मकर्मीको जमात ठूलो छ । यसरी निर्माण भएका सिनेमाको समीक्षामा विविध आयामहरूको विश्लेषण सजिलो हुन्न । उदाहरणका लागि दीपकराज गिरी र दीपाश्री निरौलाको फिल्म 'छक्का पञ्जा' मा अपिचात्पोङ विरासेथकुलको 'मेमोरिया'मा भएको सिनेमेटिक पक्षजस्तै समीक्षा गर्न सकिँदैन । यस्ता आयामबाट समीक्षा असंभव भए पनि 'छक्का पञ्जा'को तथ्यगत समीक्षा हुनसक्छ ।

कथासार मात्रै नभएर फिल्मको शैली, पात्र चयन, चरित्र निर्माण, दृश्यांकनको भाषा, संवाद, ध्वनीको व्यवस्थापनजस्ता आयामलाई समीक्षाको विषय बनाउन सकिन्छ । समीक्षकको ध्यान ती सिनेमाहरूमा पनि जान आवश्यक छ, जसमा दर्शकले ध्यान दिन सकेका छैनन् । दर्शकमाझमा वैकल्पिक र मूलधारमा निर्माण भइरहेका सिनेमाभन्दा फरक सिनेमालाई परिचित गराउने कर्तव्य समीक्षकको पनि हो । प्रकाश आङदम्बे निर्देशिक 'देश खोज्दै जाँदा', शिरिष गुरुङ निर्देशित 'लाटोकोसेरो', सहारा शर्मा निर्देशित 'इन्द्रेणी खोज्दै जाँदा', प्रशान्त रसाईली निर्देशित 'कथा'जस्ता फिल्मबारे धेरै नेपाली दर्शक अनविज्ञ छन् । यस्ता थुप्रै फिल्म छन्, जसको कथादेखि प्रस्तुतिसम्म चलिआएको शैलीभन्दा फरक छन् ।

समीक्षकले सिनेमाको सारंश भन्ने होइन । प्रशंसा र आलोचनामा तार्किक शक्ति प्रयोग हुन्छ । यो आलोचना सिनेमाको कथाको मात्रै होइन, कथा भन्ने शैलीदेखि प्रकाशको प्रयोगजस्ता यावत् पक्षहरूको बारेमा गर्न आवश्यक छ । *-साभार: नेपाललाईभ*

जाह्नवीलाई डाक्टर बनाउन चाहन्थिन् श्रीदेवी

एजेन्सी- बलिउड अभिनेत्री जाह्नवी कपूर आइतबार मार्च ६ मा आफ्नो जन्मदिन मनाउँदैछिन् । फिल्म 'धडक'बाट बलिउडमा पाइला चालेकी जाह्नवीले त्यसपछि कैयौं फिल्ममा अभिनय गरिन् ।

सामाजिक सञ्जालमा जाह्नवीको राम्रो फ्यान फलोइङ छ । उनको सरलपन र बोल्डनेस दुवैले उनका फ्यान प्रभावित छन् । जाह्नवी बलिउडमा आमा जस्तै सुपरस्टार बन्न चाहन्थिइन् ।

तर, श्रीदेवी छोरीलाई अभिनयमा भन्दा पनि डाक्टर बनेको हेर्न चाहन्थिइन् । जाह्नवीका पिता बोनी कपूरले कहिल्यै पनि छोरीका सपनालाई रोक्ने काम गरेनन् । तर, आमा श्रीदेवी भने छोरीले फिल्मलाई भन्दा पनि पढाईलाई ध्यान दिउन् भन्ने चाहन्थिइन् । श्रीदेवीको चाहना छोरीलाई एउटा असल डाक्टर बनेको हेर्ने थियो । तर, जाह्नवी भने आमा श्रीदेवीको जस्तै कैयौं सुपरहिट फिल्म दिएर बलिउडको सुपरस्टार बन्ने सपना थियो । यो उनको बाल्यकालदेखि कै सपना र चाहना थियो । जाह्नवीले 'धडक'बाट अभिनयमा पाइला चाले पनि त्यो अभिनय उनकी आमाले हेर्न पाइनन् । किनकी फिल्म रिलिजअघि नै श्रीदेवीको निधन भएको थियो ।

-साभार: इकागज

उपत्यकामा हट्यो सबै प्रतिबन्धात्मक व्यवस्था

काठमाडौं/ काठमाडौं उपत्यकामा कोभिड-१९ संक्रमण रोकथाम गर्ने उद्देश्यले लगाइएका सबै प्रतिबन्धात्मक व्यवस्था खुला गरिएको छ । उपत्यकाको तीन जिल्ला (काठमाडौं, ललितपुर र भक्तपुर) ले शुक्रबार जारी गरेको आदेशानुसार शनिबारदेखि लागू हुनेगरी ति प्रतिबन्धात्मक व्यवस्था हटाइएकाले सबै गतिविधि नियमितरुपमा सञ्चालन गर्न सकिने छ ।

ती प्रशासन कार्यालयले कानून बमोजिमका राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक तथा व्यवसायिक क्रियाकलाप सञ्चालन गर्न/गराउन भनी नयाँ आदेश जारी गरेको हो । आदेशमा यसरी गतिविधि सञ्चालन गर्दा प्रचलित स्वास्थ्य सुरक्षा मापदण्डको पूर्णपालना गर्न भनेको छ । यसअघि अन्तिम पटक माघ २३ गते राति १२ बजेदेखि लागू हुनेगरी जात्रा, महोत्सव, सभा, जुलुसलगायत धेरै मानिस भिडभाड हुने गतिविधि सञ्चालनमा रोक लगाउने गरी स्थानीय प्रशासनले आदेश जारी गरेको थियो । उक्त आदेशमा फागुन १ गतेबाट शैक्षिक क्षेत्रका अधिकांश गतिविधि खुला गरिए पनि केही प्रतिबन्धात्मक व्यवस्था कायम राखिएका थियो । यस्तै सपिङ मल सुपरमार्केटलगायतमा मानिस भीडभाड हुने क्षेत्रमा ५० जना भन्दा बडी भेला नहुने गरी खोप लगाइएका व्यक्तिलाई मात्रै प्रवेश दिन आदेशमा भनिएको थियो । यस्तै डान्सबार दोहारी सञ्चालन हुने स्थानमा पनि केही प्रतिबन्धात्मक व्यवस्था कायमै थियो ।

कोरोनाको तेस्रो लहर भित्रिएपछि गत पुस २७ बाट उपत्यका प्रशासनले आदेश जारी गर्दै प्रतिबन्धात्मक व्यवस्था लागू गर्न सुरु गरेको थियो । ती प्रशासन कार्यालयले कोभिड-१९ संक्रमण, रोकथाम, नियन्त्रण, निदान र उपचार प्रभावकारी बनाउन नेपाल सरकार मन्त्रिपरिषदबाट भएका निर्णय, कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको सिफारिस, कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउनसम्बन्धी कार्यविधि २०७८, संक्रामक रोग ऐन २०२० र स्थानीय प्रशासन ऐन २०२८ समेतले दिएको अधिकार प्रयोग गरी विभिन्न आदेश जारी गरेको थियो । -रातोपाटी

उन्नत जातमा ध्यान, संकटमा रैथाने पशुपन्छी

काठमाडौं/नेपाल सरकारले दिगो विकास लक्ष्य अन्तर्गत भोकमरी शून्यमा सीमित गर्नको लागि सन् २०३० सम्म कृषि क्षेत्रको उत्पादकत्व दुई गुणासम्म बढाउने भनेको छ । यसको लागि नेपालमा पशुपन्छीको नश्ल सुधारको अभियान नै चलाएर विदेशी प्रजातिको नश्ललाई स्थानीय पशुहरुमा वर्णसंकर गराउने गरिएको छ ।

अव्यवस्थित रुपमा विदेशी नश्ल भित्र्याएर नेपालमा प्रजनन् गराउने नीति लिइँदा नेपाली स्थानीय नश्ल भने संकटग्रस्त स्थितिमा पुगेका छन् । कतिपय रैथाने जातका पशुपन्छी लोप भइसकेका छन् भने कतिपय लोपोन्मुख हुन थालेको नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको राष्ट्रिय पशु प्रजनन् तथा आनुवंशिक अनुसन्धान केन्द्रको अध्ययनले देखाएको छ ।

१५ फागुनमा अमेरिकाबाट सातवटा साँढे नेपाल ल्याइयो । पाँच वटा शतप्रतिशत शुद्ध होलेस्टिन र २ वटा शुद्ध जर्सी साँढे वर्णसंकरको लागि नेपाल ल्याइएको हो । नेपालमा नश्ल सुधार तथा दूध वृद्धिको लागि यी साँढे ल्याइएको नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले जनाएको छ ।

संकटग्रस्त छन् रैथाने प्रजाति

पशु आनुवंशिक अनुसन्धान केन्द्रका अनुसार अहिले ७ थरीको पशुपन्छीका २५ वटा रैथाने नश्ल नेपालमा अस्तित्वमा छन् । संयुक्त राष्ट्रसंघको खाद्य एवं कृषि संगठन (एफएओ)मा नेपालले यिनै नश्लको सूची दर्ता गराएको छ । जसमा गाईको ७, भैंसीको ३, भेडाको ४, बाख्राको ४, सुँगुरको ३, कुखुराको ३ र घोडाको एउटा नश्ल छ । यो सूचीको सिरीगाई अहिले लोप भइसकेको आनुवंशिक अनुसन्धान केन्द्रका वैज्ञानिक शिशिर भण्डारीले बताए ।

आनुवंशिक केन्द्रका वैज्ञानिकहरुले पाँचथरमा सिरीजस्तै देखिने एउटा गाई भेटेपछि त्यसमाथि भुटानी सिरीगाईसँग तुलनात्मक अध्ययन भइरहेको भण्डारीले बताए । सूचीकृत नभएको तराई भैंसीमाथि पनि अध्ययन भइरहेको जानकारी उनले दिए । अहिले अनुसन्धान भइरहेको गाई र तराई भैंसी रैथाने नश्ल पुष्टि भए नेपालमा २६ वटा रैथाने नश्ल भेटिने केन्द्रका वैज्ञानिक भण्डारी बताउँछन् ।

अस्तित्वमा रहेका पनि संकटापन्न

एफएओको स्थानीय नश्लको सूचीमा सूचीकृत हुन देशभर कम्तीमा २० वटा भाले र १०० वटा पोथी हुनै पर्ने प्रावधान छ । यो शर्त पूरा गरेर सूचीकृत भएका नेपालका रैथाने प्रजातिमध्ये आधाभन्दा बढीको अवस्था चिन्ताजनक छ । आनुवंशिक अनुसन्धान केन्द्रका अनुसार रैथाने गाईहरुमध्ये तराई र पहाडी गाईको संख्या राम्रो रहे पनि अरु गाई लोपोन्मुख छन् । भैंसीतर्फ पार्कोटेबाहेक सबै भैंसीको संख्या अत्यन्त कम छ । बाख्रातर्फ खरीको अवस्था राम्रो छ । बंगुरमा च्वाँचेबाहेक अरु प्रजाति लोप हुने अवस्थामा पुगेका छन् । कुखुरामा साकिनीको अवस्था राम्रो छ भने अरुको संख्या तीव्र रुपमा घट्दो रहेको केन्द्रका वैज्ञानिक भण्डारी बताउँछन् ।

किन लोप हुन थाल्यो स्थानीय नश्ल ?

स्थानीय प्रजातिका पशुपन्छीलाई अहिलेसम्म केवल जीविकोपार्जनको लागि प्रयोग गर्ने गरिएको छ । व्यावसायिक किसानले उन्नत जातमा ध्यान दिन्छन् । जीविकोपार्जनमुखी किसान घटिरहेकाले रैथाने पशुपन्छीका प्रजाति संकटमा परेको जानकारहरु बताउँछन् । धेरै दूध वा मासु उत्पादनका लागि अहिले उन्नत नश्ल खोज्ने चलन बढेको छ । स्थानीय नश्लहरु कतै-कतै साना किसानले मात्र पालेका छन् । सरकारी नीतिले पनि रैथानेलाई संरक्षण भन्दा उन्नतलाई प्रश्रय दिएको छ ।

'सरकारले विदेशी नश्ल ल्याउँदा कति संख्यामा लगाउने र कसरी व्यवस्थित गर्ने भन्ने नीति पनि लिनुपर्ने हो' आनुवंशिक अनुसन्धान केन्द्रका वैज्ञानिक भण्डारी भन्छन् 'बढी मुनाफा पाउने आशमा किसानले समेत जथाभावी उन्नत जातको नश्ल लगाउँदा रैथाने प्रजाति लोप हुने अवस्था आएको छ ।'

उनका अनुसार, स्थानीय प्रजातिमा विदेशी नश्लको वीर्य प्रवेश गराएर जन्मिएको जनावर ५० प्रतिशत विदेशी नश्ल हुन्छ । त्यसरी जन्मिएको पाडाबाछामा फेरि विदेशी वीर्य प्रवेश गराउँदा ७५ प्रतिशत विदेशी नश्ल तयार हुन्छ । ३ पुस्तामा निरन्तर विदेशी नश्ल मिसाउँदा शतप्रतिशत विदेशी नश्ल उत्पादन हुन्छ ।

नेपाली पशुमा वर्णसंकरको इतिहास

आनुवंशिक अनुसन्धान केन्द्रका वैज्ञानिकहरुका अनुसार, वि.सं. १९१७ मा श्री ३ जंगबहादुर राणाको प्रयासमा बेलायतबाट जर्सी गाईहरु ल्याएर पशुमा नश्ल सुधारको थालनी गरिएको थियो ।

त्यसपछिको झण्डै १०० वर्ष जर्सी गाईको नश्ल सुधारमै बिताएको नेपालले २०१४ सालमा संस्थागत रुपमा गाईमा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरेको थियो । त्यसपछि सरकारले पोखरा, नेपालगञ्ज, लहानलगायत ठाउँमा राष्ट्रिय पशु प्रजनन् कार्यालय स्थापना गरी नश्ल सुधारको कार्यलाई व्यापक बनायो । यसपाला अमेरिकाबाट ल्याइएका सात वटा साँढेलाई पोखराको पशु प्रजनन् कार्यालयमा राख्ने तयारी छ ।

किन आवश्यक छ स्थानीय नश्ल ?

रैथाने प्रजातिबाट उत्पादन कम हुन्छ भन्ने मान्यता छ । यसलाई भारतको एउटा अनुभवले गलत साबित गरेको छ । बढी दूध उत्पादन हुने भन्दै किसानहरुले उन्नत जात भित्र्याउन थालेपछि भारतको एउटा स्थानीय प्रजाति गिर गाई लोपोन्मुख स्थितिमा थियो । त्यसैलाई ब्राजिलमा लगेर वर्णसंकर गराएपछि जेरेन्डो नाम राखियो । जेरेन्डो अहिले ब्राजिलको धेरै दूध दिने गाईको सूचीमा अगाडि छ । आनुवंशिक प्रजनन् केन्द्रका कृषि वैज्ञानिक डा. सरोज सापकोटा रैथाने प्रजाति पाल्ने किसानले उचित खाना र व्यवस्थापनमा ध्यान नदिएकोले मात्रै उत्पादनमा कमी आउने गरेको बताउँछन् ।

उनले अध्ययन गरेको स्थानीय प्रजातिको साकिनी कुखुराले खाना र व्यवस्थापनमा ध्यान दिंदा उन्नत नश्लकै हाराहारीमा अण्डा दिएको थियो । व्यवस्थापन मिलाउँदा उन्नत जातको जस्तै बढी उत्पादन स्थानीय जातबाट पनि लिन सकिने सापकोटा बताउँछन् । आनुवंशिक केन्द्रका वैज्ञानिकद्वय भण्डारी र सापकोटा रैथाने नश्ल पितापुर्खाले पालेको भनेर भावनात्मक रुपमा पाल्ने नभई भविष्यको लागि समेत महत्वपूर्ण रहेको बताउँछन् ।

उनीहरुका अनुसार, रैथाने प्रजाति नेपालको वातावरण अनुकूल पशुपन्छीहरु भएकाले उन्नत जातको पशुपन्छीलाई जस्तो व्यवस्थित नगर्दा पनि यिनीहरुबाट उत्पादन लिन सकिन्छ । स्थानीय प्रजातिमा उन्नत प्रजातिको तुलनामा रोग पनि कम लाग्छ । जस्तो- रक्त परजीवीजन्य एनाल्पाजमोसिस रोग उन्नत जातका पशुमा बढी देखिएको उनीहरु बताउँछन् । नेपालका रैथाने आछामी, सिरी, लुलु गाईको खानपानमा ध्यान दिए राम्रो परिमाणमा दूध दिने सापकोटा बताउँछन् । 'स्थानीयमध्ये पनि कुनैले धेरै कुनैले कम दूध दिन्छन्' उनी भन्छन्, 'राम्रो नश्ल छान्न सके त्यसबाट उन्नत जातको जस्तै उत्पादन पाइन्छ ।'

बाख्रामा लोकल बाख्राको मासु धेरैले रुचाउँछन् । कुखुराको मासु पनि लोकल नै धेरैको रुचिमा पर्छ । त्यसैले यसैलाई पनि ध्यान दिएर व्यावसायीकरणतिर सोच्न सकिने उनको मत छ । भण्डारी र सापकोटाका अनुसार, महामारीजन्य दुर्घटना भयो भने नेपालमा विदेशी नश्ल बाँकी नरहन सक्छ । त्यस्तो अवस्थालाई ध्यानमा राखेर पनि रैथाने नश्ल जोगाउनु जरुरी रहेको उनीहरु बताउँछन् । *-साभार: अनलाईनखबर*

'हेटौंडा सुन्दर साइकल सहर बन्न सक्छ'

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ हेटौंडा नगरका सडकलाई साइकलमैत्री बनाउन सकिने अवधारणा अघि सारिएको छ । हिमालयन राईडर्स सोसाइटीले शनिबार हेटौंडामा आयोजना गरेको कार्यक्रममा हेटौंडा सहर साइकलमैत्री बन्न सक्ने बताइएको हो ।

हेटौंडा उपमहानगरका प्रमुख हरिबोल महतको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा त्रिविको अंग्रेजी विभागका उपप्राध्यापक डा. तारालाल श्रेष्ठले अवधारणापत्र प्रस्तुत गरेका थिए । सहभागीवक्ताहरुले नगरका केही सडकमा तत्काल साइकल लेन निर्माण गर्न सकिने बताएका छन् ।

बजारका आवश्यक स्थानमा साइकल स्ट्याण्ड निर्माण गर्न सकिने अवधारणा सार्वजनिक गरिएको छ । हेटौंडा नगरको सडक चारैतिर कम्तिमा पनि ३५ फिटदेखि ४० फिटभन्दा बढी चौडाईको रहेको प्रारम्भिक अध्ययनमा देखिएको हिमालयन राइडर सोसाइटीका ईन्जिनियर सागर पन्थीले बताए ।

उक्त सडकहरुमा करिब ५ फिट दुबैतर्फ पैदलमार्ग समेत रहेको देखिन्छ । बिश्वका नमूना साइकल सहरहरुमा कम्तिमा साँढे २ देखि ३ मिटरसम्म साइकलको लागि छुट्याउने गरेको पाइन्छ ।

हेटौंडाको सबै सडकहरुमा करिब ३ फिट चौडाई साइकल लेनका लागि उपलब्ध गराउँदा पनि ईन्धनजन्य सवारी साधनलाई कुनै नकारात्मक असर नपर्ने अवस्था देखिएको छ । बिश्वका अत्यधिक जनसंख्या रहेका सहरहरुमा अहिले सवारीजन्य प्रदुषण कम गर्न चौडा सडकहरुलाई साँघुरो बनाउँदै साइकल लेन, हरियाली विकास, सार्वजनिक खुलास्थान आदिको ब्यवस्था गरिएको छ । जसले आमजनमासलाई पैदल वा साइकलमार्फत् आवतजावत गर्न प्रोत्साहन गरेको छ ।

एकतर्फी मोटरबाटोमा दुईतर्फी साइकल लेनसमेतको ब्यवस्था गरिएको छ । ताकि इन्धनजन्य सवारी साधनमा भन्दा साइकलमा यात्रा गर्दा सबै हिसाबले सहज र कम खर्चिलो होस् । हेटौंडा बजार क्षेत्र बिस्तार बिशाल छैन ।

एक कुनाबाट अर्को कुना पुग्नका लागि करिब ५ मिनेटमात्रै साइकलमा समय लाग्ने देखिन्छ । यसर्थ हेटौंडा बजारलाई साइकलमैत्री सुन्दर नमूना सहरका रुपमा विकास गर्दै अन्ततः दीगो सहरीकरण स्थापित गर्न ईन्धनजन्य सवारी साधनलाई भविष्यमा न्यूनीकरण गर्न सम्भव देखिएको डा. श्रेष्ठले बताए ।

कार्यक्रम वडाअध्यक्षहरु अर्जुन चौलागाई, मकवानपुर साईकल संघका अध्यक्ष संगीत श्रेष्ठ, आँचल साहित्य कला पुञ्जकी अध्यक्ष अनिता न्यौपाने, पत्रकार सुरेश श्रेष्ठलगायतले साइकललेनको बारेमा बोलेका थिए । निमेश निखिलले कार्यक्रम संचालन गरेको कार्यक्रममा हेटौंडाका साईकल अभियन्ताहरुको सहभागिता रहेको थियो ।

नदी दोहनले र्‍याफ्टिङ घट्दै

सिन्धुपाल्चोक/डरलाग्दा खाल्डैखाल्डा, बगरभर बालुवाका थुप्रो । नदी क्षेत्रमा एक्स्काभेटर र टिपर हिँड्ने सडक । खोलाको बहाव बदलेर फर्काइएको छ । त्यसकै छेउमै छन्, रंगीन बत्तीसहित सजाइएका रिसोर्ट र होटल ।

साहसिक जलयात्राका लागि चिनिएको भोटेकोसी र सुनकोसी नदी क्षेत्रको दुर्दशा हो यो । काठमाडौंबाट करिब ७० किलोमिटरको दूरीमा रहेको नदी किनारमा रमाउन वार्षिक ६० हजार स्वदेशी र २० हजार विदेशी पर्यटक आउने गरेका छन् । यीमध्ये धेरैजसोले जलयात्राको आनन्द लिन खोज्छन् ।

साहसिक जलयात्रा र रिसोर्टमा अप्रत्यक्ष-प्रत्यक्ष ११ सयले रोजगारी पाइरहेका छन् । तर नदी धमिलो र धार बदलिएपछि धेरै पटक पर्यटक 'र्‍याफ्टिङ' नगरी फर्किन थालेको सुनकोसी बिच रिसोर्टका सञ्चालक अञ्जन खड्काले बताए ।

'रिसोर्टस्थल नै एक्स्काभेटरको दोहनले थरर काँप्छ, बगरमा सडक बनाएर एक्स्काभेटर र टिपर कुद्छ, नदी पूरै धमिलो भएर र्‍याफ्टिङ गर्ने ठाउँ नै छैन,' खड्काले भने । काठमाडौंबाट जलपर्यटनका लागि दैनिक ६० भन्दा बढी पर्यटक आए पनि जथाभावी नदी दोहनले त्यत्तिकै फर्किन थालेको उनले बताए । अघिल्लो वर्ष नदी दोहन हुँदा पानीको सतह बढेर रिसोर्टको आदिजस्तो भूभाग डुबाएको र छेउको भाग भत्काएको उनले जानकारी दिए ।

भूकम्पअघि जिल्लाभर सुनकोसी र भोटेकोसी नदी किनारका रिसोर्टमा मात्रै सात लाख पर्यटक आएका थिए । नेपाल र्‍याफ्टिङ एसोसिएसन (नारा) का अनुसार भूकम्पको ६ वर्षपछि दर्जनौं रिसोर्ट र ठूला होटल थपिए । अहिले दुई दर्जनभन्दा बढी होटल र रिसोर्ट नदी क्षेत्रमा सञ्चालित छन् । 'पर्यटक जिल्ला आउनुमा मुख्य आकर्षण भोटेकोसीमा 'बन्जी' र सुनकोसीमा 'र्‍याफ्टिङ' नै हो, तर नदी नै बिग्रिएपछि जलपर्यटन उकासिने कुरै भएन,' सुकुटे बिच रिसोर्टका पुराना पर्यटन व्यवसायी महेन्द्रसिंह थापा भन्छन्, 'दैनिक डेढ सयभन्दा बढी आन्तरिक र बाह्य पर्यटक साहसिक जलयात्राका लागि आउँछन्, तर विदेशीहरू बगरमा टेन्ट राखेर सुत्न खोज्छन्, जताततै खाल्डा र एक्स्काभेटरको चर्को आवाजका कारण बस्न सक्दैनन् ।' उनकाअनुसार भूकम्पपछि कम्तीमा ५ लाख पर्यटक यहाँ आएका छन्, जसले दस हजार स्थानीयले रोजगारी पाएका छन् ।

क्रसर व्यवसायी र ठेकेदारले एक्स्काभेटर लगाएर गिट्टी, बालुवा निकाल्दा नदीको धार बदलिएको छ । यी नदीमा पर्यटकीय आकर्षण घट्न थालेको छ । चरम दोहनले प्राकृतिक संरचना ध्वस्त भएको छ, तटीय क्षेत्रमा टिपर र एक्स्काभेटरको लर्को देखिएकाले र्‍याफ्टिङ गर्ने ठाउँ नभएको व्यवसायीको दुखेसो छ । भूकम्प र पराकम्पले महँगा होटल र रिसोर्ट सुनसान बने, त्यसयता कोरोना भाइरस (कोभिड-१९) संक्रमणले पूरै शून्य बनायो । बल्ल तंग्रिने अवस्थामा पुग्दा दोहनले आतंक मच्चाएको उनले बताए । सुनकोसी, मेलम्ची र इन्द्रावती नदी किनारमा दैनिक झन्डै तीन दर्जनभन्दा बढी एक्स्काभेटर र टिपर भेटिन्छन् । घरेलु तथा साना उद्योग विकास समितिका अनुसार जिल्लाभर गरी २१ वटा क्रसर उद्योग दर्ता भएका छन् । सुनकोसीमा ७ र इन्द्रावती, मेलम्चीमा १४ वटा क्रसरले नियमित दोहन गरिरहेका छन् । चौतारा साँगाचोकगढी नगरपालिकाका प्रमुख अमानसिंह तामाङले नदी दोहनको असरबारे बारम्बार अनुगमन र अध्ययन गरिरहेको बताए ।

यसअघि लाखौं कमाइ गरेर बसे पनि रिसोर्टहरूले समन्वय नगरेको आरोप लगाउँदै आएका उनले रिसोर्ट कानुनी दायरामा नआएको जनाए । त्यसैगरी सुनकोसी गाउँपालिकाका अध्यक्ष श्रवणकुमार जीसीले दोहनस्थल र रिसोर्ट क्षेत्र तोकेर दुवै क्षेत्रलाई अघि बढाइनुपर्ने बताए । पालिकाले बगरलाई ठेक्कामा लगाएर बर्सेनि करोडौं रुपैयाँ राजस्व संकलन गर्दै आएको छ ।

-साभार: इ-कान्तिपुर

एकैपटक ५३ म्यानपावर सञ्चालकलाई कैद र जरिवाना

काठमाडौं/ वैदेशिक रोजगार न्यायाधीकरणले एकैपटक ५३ वटा म्यानपावर कम्पनीका मुख्य सञ्चालकहरूलाई कैद र जरिवाना फैसला गरेको छ । न्यायाधीकरणले ५३ मुख्य सञ्चालकलाई ६ महिना कैद र एक/एक लाख रूपैयाँ जरिवाना सजाय हुने गरी फैसला गरेको हो ।

न्यायाधीकरणका अध्यक्ष रमेश खत्री, सदस्य गोपीचन्द्र भट्टराई तथा निशा बानियाँको संयुक्त इजलासले यही १६ गते ठगीमा संलग्न म्यानपावर कम्पनीलाई सजाय दिने फैसला गरेको हो । खाडी तथा मलेसिया जाने श्रमिकहरूको भिसा तथा श्रम स्वीकृतिका लागि प्रदान गरिने स्टिकर लगायत कागजात नक्कली बनाएर ठगी गरेको न्यायाधीकरणले ठहर गरेको न्यायाधीकरणका इजलास अधिकृत दुर्गादत्त लम्सालले जानकारी दिए ।

इजलास अधिकृत लम्सालका अनुसार ती म्यानपावर कम्पनीहरूले ललितपुर, पुल्चोकस्थित नेपाल निक प्रिन्टिङ प्रेसमार्फत नक्कली कागजात बनाएर कामदारलाई वैदेशिक रोजगारमा पठाउने गरेको खुलेको हो । उक्त प्रेसले एक व्यक्ति बराबर पाँच सयदेखि सात हजार रूपैयाँसम्म रकम लिएर नक्कली कागजात बनाइ दिने गरेको खुलेको हो । २०७१ सालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि यसमाथि अनुसन्धान सुरू भएको थियो । अख्तियारमा वैदेशिक रोजगार विभागका कर्मचारीहरू मिलोमतोमा म्यानपावरहरूले ठगी गरेको हुँदा अनुसन्धान गरिपाऊँ भन्दै उजुरी परेको थियो ।

सोही उजुरीका आधारमा अख्तियारले अनुसन्धान अघि बढायो । अनुसन्धानका क्रममा अख्तियारले २०७१ असारमा नेपाल निक प्रेसमा खानतलासी गर्‍यो । प्रेसमा २०७१ असार २७ गते छापा मारेको थियो । सो क्रममा प्रेसले विभिन्न व्यक्तिहरूको कागजात नक्कली बनाएको पाइयो । अख्तियारले प्रेसबाट आवश्यक कागजात बरामद गर्‍यो । यसमा थप अनुसन्धान अघि बढाउँदै लगियो । त्यसपछि प्रेसले विवरण सच्याउने तथा नक्कली कागजात बनाउने गरेको पुष्टि भएकाले वैदेशिक रोजगार ऐन २०६४ को दफा ४७ मा कसुर गरेको देखियो । यस्तो देखिएपछि अख्तियारले २०७२ साल असार ११ गते निर्णयसहितको फाइल वैदेशिक रोजगार विभागमा पठाएको थियो ।

त्यसपछि बाँकी अनुसन्धान प्रक्रिया विभागले अघि बढाएको थियो । प्रतिवादीको बयान गराउने, साक्षी बुझ्नेलगायत काम विभागले विभिन्न चरणमा गर्‍यो । त्यसपछि सरकारी वकिलको कार्यालयले २०७३ साल साउन १९ गते प्रतिवादीउपर मुद्दा चलाउने निर्णय गरेको थियो । यो मुद्दा २०७३ भदौमा न्यायाधीकरणमा दर्ता भएको थियो ।

त्यसपछि थुनछेक आदेश भयो । बीचमा प्रमाण बुझ्ने, प्रतिवादीको बयान गराउने, फरार प्रतिवादीलाई म्याद जारी गर्ने, सुनुवाइ, साक्षी बुझ्ने लगायत काम भए । यो मुद्दामा पछिल्लो आदेश २०७५ भदौ १९ गते भयो ।

यो आदेशपछि मुद्दा मूलतबीमा गयो । त्यति बेला श्रम स्वीकृति दिने विभागका कर्मचारीविरुद्ध भ्रष्टाचारको अभियोग लगाउँदै मुद्दा विशेष अदालतमा पनि दायर भएको थियो । मुद्दा विशेष हुँदै सर्वोच्च अदालतमा पुग्यो ।

सर्वोच्चले कर्मचारीलाई सफाइ दिई म्यानपावर कम्पनीका हकमा न्यायाधीकरणले फैसला गर्नुपर्ने निर्णय गरेको थियो । त्यसपछि बाँकी प्रक्रिया न्यायाधीकरणमार्फत अघि बढेको हो । सर्वोच्चबाट भ्रष्टाचार मुद्दाको अन्तिम फैसलाको प्रतिलिपि प्राप्त भएपछि यो मुद्दा २०७७ साल फागुन २१ मा मूलतबीबाट जागेको हो । सबै एउटै प्रकृतिको मुद्दा भएकाले ५३ थान मुद्दाका प्रतिवादीमाथि एकैपटक जनाउ म्याद जारी भयो । त्यसपछि प्रक्रिया अगाडि बढेको हो ।

इजलास अधिकृत लम्सालका अनुसार २०७८ पुस २५ देखि यो मुद्दा हेर्दाहेर्दैमा गयो । आठ दिन इजलासमा यो मुद्दा हेर्दाहेर्दै रहेको थियो । त्यसपछि यही फागुन १६ गते इजलासले ५३ म्यानपावर सञ्चालकमाथि एक लाख जरिवाना र ६ महिना कैदको फैसला गरेको हो ।

अवैध धन्दामा संलग्न प्रेसका सञ्चालक शेरबहादुर महर्जन र उत्तम खत्री ५३ वटै म्यानपावर कम्पनीहरूको मतियार देखिएकाले निजलाई वैदेशिक रोजगार ऐन २०६४ को दफा ५३ को मतियार कसुर ठहर गरिएको छ । न्यायाधीकरण वैदेशिक रोजगारसम्बन्धी मुद्दा हेर्ने विशेष अदालत हो । वैदेशिक रोजगारको क्षेत्रमा एकै पटक यति धेरै म्यानपावर कम्पनीमाथि सजाय दिने फैसला यसअघि भएको थिएन ।

-साभार: सेतोपाटी

९० करोडको मालिक श्रद्धा

एजेन्सी-बलिउड अभिनेत्री श्रद्धा प्रख्यात अभिनेता शक्ति कपुर र गायिका शिवांगी कपुरकी छोरी हुन् । कयौं फिल्ममा काम गरिसकेकी श्रद्धाको गायनमा पनि शोख छ । अभिनेत्रीले एक भिलेन, आशिकी २ र छिटोरे जस्ता सुपरहिट फिल्ममा काम गरिसकेकी छिन् । वरुण धमन सानो छँदा श्रद्धालाई चिरकुट भनेर बोलाउँथे । उनले अभिनयका लागि पढाइ छोडेकी थिइन् । उनको प्राथमिक शिक्षा जमनाबाय नर्सी स्कूल र अमेरिकन स्कुल अफ बम्बेबाट भएको थियो ।

त्यहाँ उनको साथी अथिया सेट्टी र टाइगर श्राफ थिए । स्कुलको पढाइ सकिएपछि श्रद्धा मनोविज्ञानमा स्तानकका लागि बोस्टन युनिभर्सिटी गइन् । तर पहिलो वर्षमै आफ्नो डेब्यू फिल्मका लागि उनले पढाइ छाडिन् । उनले २०१० मा अम्बिका हिन्दुजाको फिल्म तीन पत्नीबाट बलिउडमा डेब्यू गरेकी थिइन् । यो फिल्ममा अमिताभ बच्चन र आर माधवन थिए । सो यद्यपि फिल्मले बक्स अफिसमा खासै कमाल देखाउन सकेन । पछि भने उनको फिल्म हिट हुँदै गयो ।

हाल उनले एउटा फिल्मको अभिनय गरेबापत ८ करोड रुपैयाँ पारिश्रमिक लिने गर्छिन् । हाल उनको सम्पत्ति ९० करोड रुपैयाँ छ । उनलाई फिल्म बाहेक विज्ञापन र मोडलिङबाट पनि मनगय आम्दानी हुन्छ । कुनैबेला सलमान खानले स्कुलमा श्रद्धाको अभिनय ड्रामा देखेपछि उनलाई फिल्म लकी: नो टाइम फर लभ मा प्रस्ताव गरेका थिए । - साभार: यात्रा डेली

लागुऔषधको निहुँमा हत्या गर्ने दुई पक्राउ

काठमाडौं/ बुढानिलकण्ठ नगरपालिका-४ चण्डेश्वरी बनस्थली बस्ने जुम्ला तातोपानी गाउँपालिका-७ घर भएका ३२ वर्षीय मानबहादुर रावतको हत्या भएको घटनामा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बुढानिलकण्ठ नगरपालिका-५ का २३ वर्षीय याक्ब चौधरी र सोही ठाउँ बस्ने सर्लाही बरहथवा नगरपालिका-८ घर भएका १६ वर्षीय किशोर रहेका छन् । बुढानिलकण्ठ नगरपालिका-५ स्थित श्रीनगर टोलमा गत मंगलबार रावतको रगताम्य अवस्थामा शव फेला परेको थियो । घटनाको अनुसन्धान गर्ने क्रममा उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो । -साभार: सेतोपाटी

ब्लुबुक हराएको सूचना

निम्न व्यहोराको ब्लुबुक २०७८ साल माघ २३ गते हेटौंडा-११, थानाभञ्याङदेखि नवलपुर जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

सवारी धनीको नाम: धिर्ज बहादुर बस्नेत
सवारी नम्बर: ना २ ह ४२९
चेचिस नम्बर: MD2A25BZXHWG20741
इन्जिन नम्बर: AZZWHG69835
सम्पर्क फोन नम्बर: ९८४५६१९०२३

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

सकियो मानव अधिकार रक्षकको प्रादेशिक सम्मेलन

१६ बुँदे घोषणापत्र जारी

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ राष्ट्रिय मानव अधिकार आयोगको आयोजनामा हेटौंडामा भएको मानव अधिकार रक्षकसम्बन्धी दुई दिने प्रादेशिक सम्मेलन १६ बुँदे घोषणा पत्र जारी गर्दै सम्पन्न भएको छ ।

हेटौंडामा शुक्रबारबाट भएको सम्मेलन १६ बुँदे घोषणापत्र जारी गर्दै शनिबार सम्पन्न भएको हो । सम्मेलन नेपालको ७ वटै प्रदेशमा एकैपटक आयोजना गरिएको थियो । आयोगकी अध्यक्ष लिलि थापाले घोषणापत्रमा उल्लेख भएका मानव अधिकारका विषयलाई ७ वटै प्रदेशबाट आएका घोषणा पत्रलाई थप छलफल गरी एकमुष्ट सरकारलाई बुझाउने बताइन् । सम्मेलनले तयार पारेको मानव अधिकारका विषयवस्तुलाई सरकारले निर्माण गर्ने नीति, नियम र ऐनमा उल्लेख गरी कार्यान्वयन गराउन उनले आग्रह गरिन् ।

प्रादेशिक सम्मेलनमा ३० भन्दा बढी मानव अधिकारका संघसंस्थाका प्रतिनिधि, पत्रकार महासंघ प्रतिनिधि गरी करिब एकसय जनाको सहभागितामा प्रदेशस्तरमा मानव अधिकार रक्षकहरुको अवस्थाको विषयमा छलफल, अध्ययन, विश्लेषण गरिनुका साथै रक्षकहरुको भूमिका र जवाफदेहिताको अवस्था, समिक्षा तथा आगामी दिनमा रक्षकहरुको भूमिकालाई समेटेर घोषणापत्र तयार पारिएको उनको भनाइ छ ।

घोषणापत्रमा समानता, सम्मान, संरक्षण र सुरक्षाको लागि मानव अधिकार रक्षकसम्बन्धी ३ तहका सरकारले कानुन तर्जुमा गरी कार्यान्वयन गरिनुपर्ने, सहजरुपमा सूचना पाउनुपर्ने, महिला, एकल महिला, पीडित महिला, दलित, अपाङ्गता, आदिवासी जनजाति, सीमान्तकृत, लोपोन्मुख, असहाय बालबालिका तथा ज्येष्ठ नागरिक, किशोरी, एचआईभी संक्रमित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, वैदेशिक रोजगारी पीडितलगायत समुदायका अधिकार रक्षकहरुको उचित शसक्तिकरण गरिनुपर्ने कुरा उल्लेख गरिएको छ ।

त्यस्तै गरी, राज्यले मानव अधिकार रक्षकको विषयमा विद्यालयको पाठ्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने, संक्रमणकालीन न्यायलाई छिटो, छरितोरुपमा टुङ्ग्याउन र दण्डहीनताको अन्त्य सहित कानुनी शासनको प्रत्याभूतिको लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउदैं आयोगले र ३ तहकै क्षेत्रमा कार्यरत् मानव अधिकार रक्षकको क्षमता अभिबृद्धि र पेशागत सुरक्षाको लागि राज्य संयन्त्रहरुको सहयोग र समन्वय गरिनुपर्ने कुरालाई पनि घोषणापत्रमा उल्लेख गरिएको छ ।

युवा क्लवलाई बानियाँको एक लाख सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ हेटौंडा उपमहानगरपालिका-५ का वडा अध्यक्ष राजेश बानियाँले जनप्रभा युवा क्लबलाई एकलाख सहयोग गरेका छन् ।

हेटौंडामा शुक्रबारबाट सुरु भएको ऐट ए साइट फुटबल प्रतियोगितामा सहभागी बनेको जनप्रभा युवा क्लबलाई कांग्रेस प्रतिनिधि सभा क्षेत्र १ को (ख) का सभापतिसमेत रहेका बानियाँले एक लाख सहयोग गरेका हुन् । खेलकुद क्षेत्रमा युवा खेलाडीलाई प्रोत्साहन गर्न आफूले सहयोग गरेको बानियाँले बताएका छन् । उनले पाएको सरकारी सुविधालाई सामाजिक कार्यमा खर्च गर्दै आइरहेका छन् ।

एनएसएलमा देखिने छन् मकवानपुरका आठ फुटबलर

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ मकवानपुरका आठ खेलाडी फ्रेन्चाइज फुटबल प्रतियोगिता दोस्रो संस्करणको नेपाल सुपर लिग (एनएसएल)मा देखिने भएका छन् ।

भर्खरै सम्पन्न सहिद स्मारक ए डिभिजन लिगका सर्वोत्कृष्ट खेलाडी सुनिल बलसहित ८ खेलाडी विभिन्न क्लबमा अनुबन्ध भएका छन् । गत वैशाखमा भएको नेपाल सुपर लिग फुटबल (एनएसएल)को अक्सनमा मकवानपुरका ८ जना खेलाडी पर्न सफल भएका थिए ।

एनएसएलको दोस्रो संस्करणमा पनि जिल्लाबाट ८ खेलाडीले क्लबमा स्थान पाएका हुन् । एनएसएलको शुक्रबार भएको अक्सनबाट सुनिल बल एनएसएलको डिफेन्डिङ च्याम्पियन काठमाडौं रेजर्समा अनुबन्धित भए । सुनिललाई गोल्डेन बजर्समार्फत् काठमाडौं रेजर्सले तीनलाख ५० हजारमा किनेको हो । यसअघि उनी बिराटनगरबाट खेलेका थिए ।

मकवानपुरका अञ्जन विष्ट, रञ्जन विष्ट, विकि तामाङ, रोहित कार्की, अशोक बराल, विमल पाण्डे र रवि थिङ विभिन्न क्लबमा अनुबन्ध भएका छन् । अञ्जन, रञ्जन र विकि झापा एफसीमा आबद्ध भए । क्लबले रञ्जनलाई एकलाख र विकिलाई ५० हजारमा किनेको हो । झापाले राष्ट्रिय टोलीका स्टार अञ्जनलाई मार्की खेलाडीको रुपमा अनुबन्धन गर्‍यो । एनएसएलमा झापा नयाँ टिम हो । अञ्जन र रञ्जन यसअघि ललितपुर सिटीबाट खेलेका थिए ।

गोल रक्षकको भूमिका देखिने रोहित कार्कीलाई एकलाख ५० हजारमा विराटनगरले समाहित गरेको छ । गोलरक्षक अशोक बराल एफसी चितवनमा अनुबन्ध भए । बराल, एकलाख मूल्यमा अनुबन्धित भएका हुन् । हेटौंडेली डिफेन्डर विमल पाण्डे एकलाख ५० हजार रुपियाँमा ललितपुर सिटीमा बिक्री भए । नेपाल आर्मीका उनले यसअघि काठमाडौं रेजर्सबाट खेलेका थिए । हेटौंडाकै रवि थिङ एकलाख रुपियाँमा एफसी धनगढीमा अनुबन्धित भएका छन् ।

थाहा नगर जिल्लाकै उत्कृष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ उत्तरी मकवानपुरको थाहा नगर पालिका जिल्ला कै उत्कृष्ट स्थानीय तह बनेको छ ।

प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको कार्यसम्पादन मूल्यांकन अनुसार थाहा नगरपालिका मकवानपुर जिल्लाकै उत्कृष्ट भएको हो । थाहा नगरपालिकाका स्थानीय तहको कार्य सम्पादन प्रगति अनलाइन रिपोटिङ फोकल पर्सन सुरजकुमार भुजेलको अनुसार थाहा नगरले आयोगको मुल्या□नमा ७०.०८ अंक प्राप्त गरेको छ । आगामी आर्थिक वर्ष २०७९/८० मा संघीय सरकारबाट तल्लो सरकारलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदानको प्रयोजनका लागि प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय सरकारहरुको कार्यसम्पादन मूल्यांकन गरेको थियो । आयोगले तोकेको सूचकमा थाहा नगरले राम्रो काम गरेको भुजेलले बताए । आयोगले १८ फागुनमा कार्य सम्पादन मूल्याङ्कन सार्वजनिक गर्दै तथ्याङ्क र प्राप्ताङ्कमा परिमार्जन गर्न परे ठोस प्रमाणसहित ७ दिन भित्र कार्यविधि बमोजिम पुनरावलोकनका लागि पत्र पठाउन स्थानीय तहहरुलाई परिपत्र गरेको छ ।

पालिकाको प्रमुख तथा जनप्रतिनीधिहरुको सहयोगबाटे उपलब्धी हासिल गर्न सकिएको थाहानगरका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले जानकारी दिए । पालिकाको वित्तिय सेवा प्रवाहलाई थप सुधार गर्दै लैजाने प्रशासकीय अधिकृत पुरीको प्रतिवद्धता छ ।

आयोगको मुल्या□न अनुसार सबैभन्दा कम प्राप्ताङ्क मकवानपुरको मनहरी गाउँपालिकाले पाएको छ । मनहरीले ४४.१३ अंक पाएको हो । त्यस्तै मकवानपुरगढी गाउँपालिकाले ६५.०७, बकैयाले ६१.८८, राक्सिराङले ६०, कैलाशले ५६.९९, भिमफेदीले ५६.४५, बागमतीले ५३.१७, इन्□सरोवर गाउँपालिकाले ५१.०२ र हेटौंडा उपमहानगरपालिकाले ४५.७३ मूल्याङ्कन अंक पाएको छ । आयोगले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ बमोजिम वार्षिक रुपमा मुल्याङ्कन गर्ने गर्दछ ।

मनाइयो ७८ औं फार्म दिवस

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ बाख्रा विकास फार्म चित्लाङले ७८ औं फार्म दिवस मनाएको छ । कृषि तथा पशुपन्छी मन्त्री हुमागाईं, राज्यमन्त्री इन्द्रमाया गुरुङको आतिथ्यतामा दिवस मनाइएको छ ।

मन्त्री हुमागाईंले फार्म सरकारको मात्र नभई नागरिकको पनि सम्पति भएकाले यसलाई संरक्षण गर्दै राज्यले व्यवस्थित बनाउनुपर्ने बताए । उनले चित्लाङबासीलाई गाउँभरि मकै फलाउन आग्रह गर्दै फार्ममा साईलेज उत्पादन गर्ने उद्योग खोल्ने बताए । उनले फार्म अवस्थित थाहा नगर पालिका र इन्द्रसरोबर गाउँपालिकालाई बाख्रापालनको हबका रुपमा विकास गर्नुपर्ने बताए । नमूना फार्म भनेर राज्यले करोडौं अनुदान बाँड्ने गरेको तर, सरकारकै फार्मको अवस्था नाजुक रहेको भन्दै मन्त्री हुमागाईंले चित्त दुखाए ।

किसानलाई बाख्रा पाल्न फार्मले सिकाउनुपर्ने उनको भनाइ छ । उनले विदेश गएर कुल्ली काम गर्न तयार हुने युवाहरुलाई नेपालमा बाख्रा पाल्न किन नहुने भन्दै प्रश्न गरे ।

इन्द्र सरोबर गाउँपालिका अध्यक्ष जीवन लामाले बाहिरका किसानहरुलाई बाख्रा लिन चितलाङ आउने स्थिति सिर्जना गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा इन्द्रसरोबर १ नम्बर वडाका वडा अध्यक्ष जमानसिं वाईबा, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका निर्देशक मुगलप्रसाद साह, फार्मका पूर्व प्रबन्धक मेघराज ढकाललगायतले आफ्नो धारणा राखेका थिए ।

कार्यक्रमको अबसरमा कामदार चमेली रुम्बा र फार्ममा २१ वर्षदेखि प्राविधिक कर्मचारीका रुपमा काम गर्दै आएका तुलसीराम बास्तोलालाई जनही दुईहजार पानी सय नगदसहित सम्मान गरिएको थियो ।

काँग्रेस जिल्ला समितिको स्वागत

हेटौंडा, २१ फागुन/ नेपाली काँग्रेस मकवानपुर जिल्ला अधिवेशनबाट नवनिर्वाचित कार्यसमितिलाई शनिबार बधाई तथा शुभकामना व्यक्त गरिएको छ । नेपाली काँग्रेस हेटौंडा १ नम्बर कार्यसमितिको आयोजनामा स्वागत तथा सम्मान कार्यक्रम भएको हो ।

इकाई कार्यसमिति सभापति हरिकृष्ण महर्जनको सभाध्यक्षतामा भएको कार्यक्रममा पार्टीका कार्यबाहक सभापति विष्णुप्रसाद लामिछानेले अब पार्टीको आन्तरिक प्रतिस्पर्धा सकिएको र अब स्थानीय तहको निर्वाचन केन्द्रित भएर गतिविधिहरु अगाडि बढाउनुपर्नेमा जोड दिए ।

नवनिर्वाचित सभापति बुद्ध लामाले अब पार्टीले निर्वाचन केन्द्रित कार्यक्रम ल्याउने र ती कार्यक्रमहरुलाई सफल बनाउन सबै इकाइ कार्यसमितिहरु लाग्नुपर्नेमा जोड दिए ।

नवनिर्वाचित जिल्ला उपसभापतिद्वय आनन्द कठायत र धर्म लामिछाने, सचिव भीमसेन महत र सहसचिव ताराचन्द्र बजगाई 'निशान'ले जिल्ला समितिमा निर्वाचित गरिदिएकोमा धन्यवाद ज्ञापन गर्दै अब पार्टीको काममा डटेर लाग्ने बताए ।

इकाई सचिव एसिस रिजालले सञ्चालन गरेको कार्यक्रममा १ नं. वडा अध्यक्ष तथा हेटौंडा नगर सचिव सविन न्यौपानेले स्वागत मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा पूर्वजिल्ला सदस्य महेन्द्र राउत, बागमती प्रदेश सदस्य जानकी गिरीलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा नवनिर्वाचित जिल्ला सदस्यहरु, महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्यहरुको उपस्थिति थियो ।

चैत पहिलो सातादेखि फुटबल जिल्ला लिग

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ विविध कारणले पटक-पटक मिति सर्दै आएको जिल्ला लिग फुटबल आगामी चैत महिनादेखि सुरु हुने भएको छ ।

मकवानपुर जिल्ला फुटबल संघले चैत पहिलो सातादेखि जिल्ला लिग फुटबल सुरु हुने जानकारी दिएको छ । जिल्ला लिगका लागि क्लबहरुलाई आवश्यक कागजपत्र संघको कार्यालयमा उपलब्ध गराउन आग्रह गरिएको छ । लिगमा सहभागी हुने क्लबहरुले क्लब दर्ताको प्रमाणपत्र, प्यान दर्ताको प्रमाणपत्र र खेलाडीहरुको बीमा गरिएको कागजात बुझाउनुपर्ने संघका अध्यक्ष टीकाराम लामाले जानकारी दिए ।

यसअघि, पुस महिनामै आयोजना गर्ने भनिएको जिल्ला लिग फुटबल सहभागी क्लबहरुको तयारी नपुगेको भन्दै स्थगित गरिएको थियो । पुस २० गतेलाई तय गरिएको प्रतियोगिता पुन: स्थागित भएर अनिश्चित बनेको थियो । यसबीचमा राष्ट्रियस्तरको शहिद स्मृति गोल्डकप आयोजना गर्न जुटेको संघले जिल्ला लिगलाई पछाडि धकेलेको थियो । कोरोना संक्रमणका कारण गोल्डकप र जिल्ला लिग दुबै आयोजना हुन सकेको थिएन ।

संक्रमण दर घटेपछि जिल्ला लिग आयोजना गर्ने मिति तय भएको अध्यक्ष लामाले जानकारी दिए । यसअघि कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण बढेपछि गत माघ तेस्रो सातादेखि हुने भनिएको शहिद स्मृति गोल्डकप स्थगित भएको हो । संघले १६ माघदेखि हेटौंडा-५ क्याम्पाडाँडा स्थित निर्माणाधीन रंगशालामा स्थानीय तह शहिद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिता गर्ने योजना अघि बढाएको थियो ।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले गोल्डकप आयोजनाको मिति तोकेको थियो ।

कांग्रेस पल्पसा टोल कमिटी गठन

हेटौंडा, २१ फागुन/ नेपाली कांग्रेस हेटौंडा उपमहानगर पालिका-२ वडाको पल्पसा टोल कमिटी गठन गरिएको छ । कांग्रेस वडा कमिटीअन्तर्गत् टोल कमिटी बनाइएको हो ।

सुनिता पौडेलको अध्यक्षतामा ९ सदस्यीय टोल किमिटी बनेको छ । सचिवमा मिथिला पोखेल, सदस्यहरुमा प्रदीप लामिछाने, सनी बानियाँ, मञ्जिल बजगाईं, पुरुषोतम खनाल, सुमित्रा अर्याल, इसु शर्मा, गीताकुमारी न्यौपाने चयन भएका छन् । २ नम्बर वडाअन्तर्गत् हालसम्म चौकिटोल, बनस्खण्डी, संगमचोक कमिटी बनिसकेको छ ।

वडा समिति सभापति भवसागर श्रेष्ठको सभापतित्वमा भएको टोल भेलामा जिल्ला सदस्य इश्वर पण्डित, वडा उपसभापतिद्वय टीकाभक्त उप्रेती, अर्जुन श्रेष्ठ, सचिवद्वय नवराज घिमिरे र मुरारी सुवेदी, वडा सदस्य होमप्रसाद भण्डारीलगायतको आतिथ्यता थियो । २ नम्बर वडाअन्तर्गत् बाँकी टोलहरुमा पनि पार्टी कमिटी गठन गरिने सचिव घिमिरेले बताए ।

पार्टी गर्दै हुनुहुन्छ ?
शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।
जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

NUMBER 1
SUZUKI
Way of Life!
SUZUKI FREE CHECK-UP CAMP
१८-२० फागुन, २०७८
निःशुल्क
50% DISCOUNT ON WHEEL ALIGNMENT
CG motocorp
Gorkhali Trade And Suppliers
Hetauda-4, Makawanpur
057-522018, 9802998029, 9802931664

साझाकुरा
"तपाईं, हामी सबैको कुरा"
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न
☞चिसोमा बाहिर ननिस्कौं,
☞धुम्रपान मद्यपान नगरौं,
☞चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
☞शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
☞मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

कर्मचारी आवश्यकता
कम्पनीको नाम: **गार्डेन मार्ट डिपार्टमेन्ट स्टोर**
स्थान: हेटौंडा-४, पारिजातपथ
पद : फ्लोर्स सेल्स एण्ड वायरहाउस किपर
तलब : फ्लोर सेल्सको लागि १२,५००।- प्रतिमहिना
तलब : वायरहाउस किपरको लागि १५,०००।- प्रतिमहिना
योग्यता: फ्लोर सेल्सको लागि +२ उत्तीर्ण
योग्यता: वायरहाउस किपरको लागि स्नातक उत्तीर्ण
आवश्यक संख्या: फ्लोर सेल्समा २ पुरुष/ २ महिला
आवश्यक संख्या: वायरहाउस किपरमा १ जना ।
सम्पर्क मोबाइल नम्बर:
०५७-५९०३७२/५९०३७०

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315
VACANCY ANNOUNCEMENT
Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

डबल ब्ल्याक खाजा
स्वादिष्ट परिकारहरू:
☞बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
☞चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
☞बफ सुकुटी र छोयला
☞हल्का पेय पदार्थ
☞भेज चाउमिन

ओपाज कफि पिउँदा
स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।
डबल ब्ल्याक खाजा
हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. झुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल

खुल्यो ! खुल्यो
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
अब होटल म्याक्समा
होटल MAX
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना